# ८ लचिलो

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* अयूब १९:२५, याकूब ५:१०, ११, रूथ १, एस्थर २, २ कोरन्थी ११:२३-२८, फिलिप्पी ४:११-१३।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "परमेश्वर नै हाम्रो सुरक्षित स्थान हुनुहुन्छ। उहाँले हामीलाई शक्तिसामर्थ दिनुहुन्छ। हामीलाई शङ्कष्ट परेको बेलामा हामीलाई सहायता गर्न उहाँ जहिले पनि उपस्थित भइरहनुहुन्छ। पृथ्वी टुक्रा टुक्रा होला। समुद्रको बिचमा पहाडहरू खस्ला। तर हामी डराउनेछैनौं। समुद्रका पानीहरू गर्जन सक्छन्, तिनीहरू फिंज काटेर उर्लन सक्छन्। जब पानी बढेर आउँछ, तब पहाडहरू कम्पायमान हुनसक्छन्। तर हामी भयभित हुनेछैनौं।" (भजन ४६:१-३ रूपान्तरित)

यदि हामी लचिलो भयौं भने जीवनमा आउने तनाव, धम्की र विभिन्न शङ्कष्टको सामना गर्न सक्छौं। जो मानिस लचिलो वा उत्फुलता हुन्छ त्यस्तो मानिस नकारात्मक परिस्थितिको अनुवभ गर्नुपर्दा त्यसैमा पौडी खेलेर बस्दैन बरू फेरि सकारात्मक मनस्थितिमा फूर्तिसाथ फर्कन सक्दछ। हाम्रो जीवनमा हामी सबैले ठूलो वा सानो बिपत्ति वा तनावको सामना गर्नुपर्छ। ती सबैबाट मुक्त भइरहन हामी कत्तिको लचिलो हुनुपर्छ जसले गर्दा हामीलाई कुनै पनि आवेगले नष्ट गर्न नपाओस्।

सन् १९६०को दशकमा भिक्टोर र मिल्ड्रेड गोर्टजलले *क्रेडलस् अभ इमिनेन्स* (प्रख्यात मानिसहरूको कोक्रो) लेखे। यसलाई सन् २००४मा फेरि थपेर प्रकाशित गरेको थियो। ७०० जनाले आफ्ना बालककालमा कस्तो शङ्कष्टबाट गुज्रनु परेको थियो भनेर तिनीहरूका कहानीहरू उक्त पुस्तकमा उल्लेख गरेका थिए। तिनीहरू यस्ता विभिन्न विपत्तिहरूको सामना गर्नुपरेको थियोः आमाबाबुको बिचमा झगडाले गर्दा

टुक्रिएको घरायसी जीवन, आर्थिक संघर्ष, शारीरिक तथा मानसिक समस्याहरू, र आदि। तर ती सबै मानिसहरू विभिन्न नाजूक स्थितिहरूबाट माथि उक्लेर ठूलो सफलता हासील गरेका थिए।

बर्तमान मानव जीवनमा मात्र होइन, बाइबलका समयमा पनि विभिन्न पात्रहरूले कस्तो शङ्कष्टहरूलाई समाना गरेका थिए भनेर बाइबलले उल्लेख गरेको पाउँछौं। परमेश्वरको अनुग्रहको सहायताले गर्दा तिनीहरू सकारात्मक स्थितिमा फर्कन सफल भएका थिए र तिनीहरूका आफ्ना कमिकमजोरी वा समस्याहरूमाथि विजय प्राप्त गरेका थिए। निःसन्देह तिनीहरूले अत्यन्त कठिनबाट पार हुनुपरेको थियो, र तिनीहरू निष्खोट वा शिद्ध भनेर दावी गर्नेबाट टाडै थिए। तर परमेश्वरले आफ्नो काम सम्पन्न तिनीहरूलाई नै प्रयोग गर्नुभएको थियो किनभने तिनीहरूमा भएको लचिलोपनाले तिनीहरूको जीवनमा आएका विपत्ति तथा हैरानी र तनावको समाना गर्न सामर्थ भएका थिए।

## १. अयूबको धैर्यता (याकूब ५:१०,११)

अयूब अत्यन्त धनाढ्य र सबै कुराले सम्पन्न भएको व्यक्ति थिए। तर सैतानको पासोमा पर्दा आफ्नी श्रीमतिबाहेक सबै गुमाउनुपरेको थियो। याकूबले अयूबको महाकष्ट र धैर्यको बारेमा प्रशंसा गरेका थिए र उनी हाम्रो निम्ति उदाहरणको धरोहर भएर खडाभएको छ भनेर औंल्याएको पाउँछौं। उनमा के थियो जसले गर्दा उनी हाम्रो अनुकरणीय उदाहरण बने, हेर्नुहोस्ः अयूब १-३?

एक जना महिला गम्भिर शङ्कष्टमा परेकीले त्यसबाट पार हुन मनोवैज्ञानिक परामर्शदाताको सहायता लिएकी थिइन्। उनले सिकेका एक कुरा आफ्ना साथिभाईहरूलाई भनेकी थिइन्। जान्ने व्यक्तिसँग सरसल्लाह माग्दा उनले आफ्नो समस्याहरूबाट राहत पाएको अनुभव गरेकी थिइन् र उनको जीवनमा ठूलो परिवर्तन भएको थियो। उनले भनिन्ः “मलाई सल्लाहदिनेले भन्दै गरेकाथिए कि मेरो दर्दनाक परिस्थितिको अन्त हुनेछ। उसले यो भनेर मलाई सम्झाइरहन्थे, ‘जीवन अहिले अत्यन्त अन्धकार जस्तो देखिएला र तिम्रो समस्याहरूको अन्त

कहिलै हुँदैन भनेर तिमीले भन्ठानौंला। तर तिम्री शङ्कष्ट धेरै समयसम्म रहिरहनेछैन।' उसको यो चिन्तनले मलाई लचिलो हुन सिकायो।" यसको अर्थ त्यस परामर्शदाताले त्यस महिलाको आशालाई जीवित राख्न सफल भएको थियो।

तपाईं धैर्यतामा कसरी बढ्ने? बिलायतका जर्ज गुडमान भन्ने प्रचारककहाँ एक जना युवक भेट्न गए। त्यस युवक उनकहाँ प्रार्थनानिम्ति अनुरोध गर्न गएका थिए। त्यस युवकले सिधै आफ्नो आवश्यकताको जानकारी उनलाई दिए: "महाशय गुडमान, मेरो निम्ति प्रार्थना गरिदिनुहोस् कि ममा धैर्यता होस्।"

त्यस बुज्रुक व्यक्तिले जवाफ दियो: "तिमीमा समस्या होस् भनेर म तिम्रो निम्ति प्रार्थना गर्नेछु।"

"होइन, होइन सर" त्यस युवक आत्तिएर भने, "मलाई धिरज पो चाहिएको थियो।"

गुडमानले जवाफ दिए: "तिम्रो कुरा म बुझ्छु, र तिमीमा समस्या होस् भनेर तिम्रो निम्ति प्रार्थना गर्दछु।" त्यस बाइबलका गुरूले बाइबल पल्टाएर रोमी ५:३ पढेर त्यस युवकलाई छक्क पारे, यसमा लेखिएको छः "र त्यत्तिमात्र होइन। जब हामी कष्टमा पर्दछौं, हामी आनन्दले भरिएका हुन्छौं। हामीलाई थाहा छ कि हाम्रा दुःखकष्टले बल तथा धैर्यता पाउँछौं र त्यसैबाट हामी अघि बढ्दै जानेछौं।" (रूपान्तरित)।

जीवनमा अपनाउनुपर्ने लचिलोपनाको उत्कृष्ट अनुकरणीय उदाहरण अयूबको कथामा पाउँछौं। जीवनको प्रथम चरणमा परमेश्वर धर्मी (असल) र दयालू हुनुहुन्छ भनेर अयूबले बुझेका थिए। तर जब महाशङ्कष्टको मुखमा उनी परे, यो सबै किनभयो भनेर उनले बुझ्न सकेका थिएनन्। आफ्नै श्रीमतीबाट पनि राहत तथा सान्त्वना उनले पाएनन्। उनका सबै जायजेठा तथा छोराछोरीहरू नष्ट भएका थिए। अनि उनमा भयङ्कर रोगको शिकार भए। तर अयूबले परमेश्वरमाथिको आस्था, विश्वास र भरोसा कहिले पनि त्यागेनन्।

जबसम्म उनको समस्या सुध्रिएन तबसम्म उनले परमेश्वरमाथिको आस्थालाई पक्रि नै राखे।

अयूबले कुन आशालाई पक्रिराखेका थिए भनेर अयूब १९:२५मा औंल्याएका छन्। हेर्नुहोस्। अनेकन् कठिन परिस्थितिको सामना गर्नुपर्दा हामीहरूले पनि त्यहि आशालाई कसरी पकडी राख्ने?

कुनै भयङ्कर परिस्थितिको सामना गर्नुपरेको बेलालाई सम्झनुहोस्। के ले तपाईं अघि बढ्दै जान सघायो? कस्ता वचनहरूले तपाईंमा आशा पल्हाएको थिए। र कुन वचनले घाउमा नुन छर्केको थियो? यस्तै परिस्थिति गुज्रिरहेका मानिसलाई आशा दिन तपाईंकै अनुभवले के सिक्नुभयो?

## २. दासत्व र झ्यालखानाको मारमा परेका युशूफ (उत्पत्ति ३७:१९-२८)

युशूफको बियोग गाथा उत्पत्ति ३७:१९-३८ र ३९:१२-२० पढ्नुहोस्। उनको ठाँउमा आफूलाई उभ्याउनुहोस् अर्थात् उनको जुत्ता लगाएर उनको अनुभव गर्नुहोस् (पाश्चत्य कथन अनुसार)। युशूफ अत्यन्त निराश भएको हुनुपर्दछ। आफूप्रति अन्यायपूर्वक गरिएको दुर्व्यवहारले उ क्रोधित र तितो हुनुसक्थ्यो र साथै प्रतिशोधको भावनाले उ ओतप्रोत हुनसक्थ्यो। युशूफको भित्र रहेको क्रन्धन तथा भावनाहरूलाई बाइबलले विस्तृत रूपमा लेखेको छैन। तर यस्तो अन्यायपूर्ण अनुभवले उनी आततायी बनेको थियो भन्ने कुरामा कसैले असहमती जनाउन सक्दैन। उनको पिडा अकल्पनिय होइन।

तर उनमाथी गरेको अत्याचारलाई अर्को अत्याचार गरेर समाधान गर्न खोज्नुको सट्टा आफ्नो दुःख र पिडा परमेश्वरमा सुम्पे। हामीलाई थाहा छ, अन्तमा जे भयो असलै भएको थियो। यथार्थमा भन्ने हो भने जब आफ्ना दाजुहरूबाट यातना पाएर उनलाई दासत्वमा बेचियो, त्यो अन्धकार समय नै उनको निम्ति परमेश्वरमा अत्यन्त नजिक ल्याउने समय थियो। “बालककालमा युशूफलाई याकूबले परमेश्वरका प्रतिज्ञाहरूको बारेमा भनेका थिए। ती प्रतिज्ञाहरू पनि

कसरी पूरा भए भनेर बुझाएका थिए। आफूलाई महाशङ्कष्ट परेको बेलामा परमेश्वरका स्वर्गदूतहरूले आएर कसरी सान्त्वना दिए, सिकाए र रक्षा गरे भनेर याकूबले बराबार युशूफलाई भन्थे। आफ्ना बाबुले सिकाएका अमूल्य पाठहरू अब युशूफको मनमा स्पष्ट भएको थियो। त्यसैबेलामा नै युशूफले आफूलाई पूर्ण रूपमा परमेश्वरमा सुम्पेका थिए।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. २१३, २१४।

युशूफलाई अन्यायपूर्वक झ्यालखानामा फैंकिएको थियो। कयौं वर्षसम्म उनी झ्यालखानाको कालकोठरीमा जाकिनु परेको थियो। तर यहि अन्धकारमय अनुभवले उनको निम्ति फारोह राजाको दरबारको बाटो खुला गरिदियो। उनको वियोगलाई संयोगमा परिणत गरेर इजिप्तका जनताहरूको मात्र होइन युशूफका आफ्नै परिवारलाई सुरक्षित राख्न परमेश्वरले प्रयोग गर्नुभयो।

हाम्रो प्रतिकूल परिस्थितिलाई मोडेर परमेश्वरले हाम्रै भलाईमा परिणत गर्नुहुन्छ भनेर देहायका पदहरूले कसरी देखाउँछन्, हेर्नुहोस्ः रोमी ५ः३-५, २ कोरन्थी १ः३,४,८,९ र २ तिमोथी १ः११,१२?

अनावश्यकमा हामी दुःख पाऔं भनेर परमेश्वर चाहनुहुन्न। साँच्चै भनौं भने हाम्रो लागि येशूले तयार गरिरहनुभएको स्वर्गमा पिडा हुनेछैन र आँशु बगाउनु पर्दैन (प्रकाश २१ः४)। तर यो वाचा पूरा हुन हामी पर्खिरहेकाछौं। तब सम्म हामीले पाएका कष्ट र पिडाले हामीलाई महत्वपूर्ण शिक्षाहरू सिकाउनको निम्ति हो भनेर सम्झनै पर्दछ। यसले हामीलाई शहिष्णुता, दयावन्त, नम्र, सदाशयी र असल र खराबप्रति संवेदनशील हुने जस्ता यस जीवनका महत्वपूर्ण पाठहरू सिकाउन सघाउँदछन्। पिडा र कठिन समय गुज्रिरहेको परिस्थिति हाम्रो भलाईको निम्ति हो भनेर पत्यार गर्न स्वाभाविकै रूपमा सान्हो नहुने त होइन। तर यस्तो प्रतिकूल तथा असहज परिस्थिति सहन परमेश्वरसँग आवश्यक शक्ति हामी माग्न सक्छौं।

तपाईंले कुनै यस्तो भयानक अनुभव गर्नुभएको छ जसको अन्तमा तपाईंकै भलाईको निम्ति भएको थियो? यहि अनुभवलाई सम्झेर

जुनसुकै प्रतिकूल परिस्थिति सामना गर्नुपर्दा परमेश्वरमा भरोसा राख्न सकिन्छ भनेर ढुक्क हुनसक्नुहुन्छ?

## ३. नेओमी (रूथ १)

जब विदेशमा विस्थापित जीवन बिताएका थिए, नेओमीले अत्यन्त पिडादायी अनुभव गर्नुपरेको थियो। यसको बारेमा हेर्नुहोस्, रूथ १।

आफ्नो जन्मभूमी छोडेर बिदेशमा गएर बसोबास गर्नु पर्दा कसैलाई भयभित गराउनु स्वाभाविकै हो। यहूदा देशमा अनिकाल वा भुखमरी भएको थियो। यहि कारणले गर्दा एलिमलेक, उनको पत्नी नेओमी र दुई भाई छोराहरू मोआबमा पलाएन हुनुपरेको थियो। यो ठाउँमा प्रसस्त खेतहरू थिए। त्यसले गर्दा उनीहरूमा खानाको अभाव थिएन। यी देशका मानिसहरू मूर्तीपुजक थिए (न्यायकर्ता १०:१६)। मोआबीको संस्कारसँग यहूदीहरूको संस्कार मिल्न सक्दैनथ्यो। यसले गर्दा ती शरणार्थीहरूले अनेकौं गम्भिर समस्याहरू भोग्नु परेको थियो होला। मोआबमा केहि समय बसोबास गरेपछि, नेओमीको श्रीमानको मृत्यु हुन्छ। अब आमा र दुई भाई छोराहरू बिदेशमा असुरक्षितसाथ जीवन बिताउन परेको थियो। अनि नेओमीका छोराहरू, मेहलन र किलनले स्थानिय केटीहरूसँग बिबाह गरे। बुहारीहरूको कारणले गर्दा नेओमीको घरमा धेरै कचकच भएको हुनुपर्दछ, किनभने त्यस परिवारमा ठूलो धार्मिक अनमेलता भित्रिएको थियो। यहूदी र मोआबीहरूको बिचमा बिहेबारी हुँदैन भन्ने कुनै कानून थिएन। तर मोआबीहरू र तिनीहरूका भविष्यका सन्तानहरू दश पिँढीपछि मात्र परमेश्वरको जनसमूहमा भेला हुनसक्छन् भनेर निर्देशन दिएको बाइबलमा पाउँछौं (व्यवस्था २३:३)।

पछि आएर मेहलोन र किलोनको पनि मृत्यु भयो। तिनीहरूका नामको अर्थ नै “बिमार" र “बेकार" थियो। यो कस्तो दुःखान्त समय नेओमीको निम्ति थियो भनेर कल्पना नसक्ने होइन। अब आफ्नो नजिकको आफन्त भन्ने उनको निम्ति कोहि रहेन। नेओमीको निम्ति

आफ्नो भन्ने कोहि भएन। बाँकी रहेको आफ्नो आफन्त भनेका धेरै टाडा बेतलहेममा थिए।

कुन् घट्नाले गर्दा नेओमीको जीवन परिवर्तन भयो? दुःखले गर्दा टुक्रिएको जीवनलाई परमेश्वरले कसरी मर्मत गर्नुभयो? हेर्नुहोस्ः रूथ १:१६-१८, र रूथ ४:१३-१७।

अत्यन्त कठिन समयमा नेओमीलाई उनका बुहारीहरूले सान्त्वना दिँदै उनको सेवा गरेका थिए। हृदय स्पर्शी समयमा सासुलाई बुहारीहरूले स्नेहपूर्वक साथ दिनु सऱ्हानिय नै मान्नुपर्दछ। नेओमी अत्यन्त असल सासु पनि हुनसक्छिन् किनभने उनकै ममताले गर्दा आफ्नी दुई बुहारीहरूमा उनीप्रति श्रद्धा र स्नेह जगाउन उनी सफल भएकी थिई। बिषेश गरेर रूथले उनलाई अत्यन्त प्रेम गर्थीन्। रूथले इस्रायलका परमेश्वरलाई अङ्गालेकी थिईन्। आफ्ना शत्रुदेश इस्रायलमा गएर आफ्नी सासुको सेवा गर्न उनले प्रतिवद्धता व्यक्त गरेकी थिईन्।

आफ्नो सासुप्रति भक्तिभाव भएको हुनाले रूथ र नेओमीले कसरी सुखमय परिवार जुत्न पुग्यो भनेर रूथ अध्याय २देखि ४सम्म वर्णन गरिएका सुन्दर श्रृखलाले बताउँदछन्। आफ्ना भयङकर कष्टलाई मोआबमै नेओमीले छोडेकी थिइन् र अब आफन्त बोआजसँग रूथको बिबाह भएको हेर्न अवसर पाउँदा उनको जीवन कस्तो हर्षले विभोर भयो होला? नेओमीका नाती ओवेदलाई रूथले जन्माइन्। ओबेद जेस्सीका पिता थियो। जेस्सी दाउदका पिता थिए।

हाम्रा सबै थोक परमेश्वरमा समर्पण गर्दै उहाँमा पूर्ण रूपमा भरोसा राख्नुपर्दछ। अनि, हो, हामीलाई मानवको मद्दत चाहिने समय पनि हुनसक्दछ। कसैको मद्दत असाध्य भएको पछिल्लो अन्तिम समय कहिले हो? यसबाट तपाँईले के सिक्नुभयो?

## ४. तनावको भुमरीमा एस्थर (एस्थर २:६,७)

महाराणी एस्थरले धेरै समस्या, संघर्ष, तनाव र चापहरूको सामना गर्नुपरेको थियो। हेर्नुहोस्ः एस्थर २:६,७,१०,२१,२२, ३:४-१७, ७:३,४ र ८:३।

बालककालमा एस्थर टुहरी थिइन्। उनको मामाले उनलाई धर्मपुत्री बनाएका थिए। आमाबाबुबिना हुर्कनु एस्थरको लागि धेरै गाऱ्हो थियो। यद्यपि स्नेहि मामाको काखमा हुर्केर उनी सन्तुलित, दृढ सङ्कल्प र सक्षम् युवती भएकी थिईन्।

जब उनी रानी भइन् त्यसबेला उनले आफू कहाँबाट आएकी र परिवारको पृष्टभूमी कसैलाई पनि बताएकी थिइनन्। यो एकदम ठूलो चुनौति थियो। यदि उनी यहूदी जातबाट आएकी हुन् भनेर खुलासा गरियो भने उनको भविष्यमा आँच आउन सक्छ भनेर उनलाई थाहा भएको हुनुपर्दछ। आफू को हुन् भनेर सँधैं गोप्य राख्न पनि सकिन्दैनथ्यो। यदि राख्यो र कसैले पत्ता लगायो भने कस्तो जोखिममा पर्नेछ भन्ने कुरामा उनी अनजान थिइनन्। आफ्नो बिश्वासमा कमजोर बनाउने बातावरण राजाको दरवारमा प्रसस्त थियो। मोजमज्ना, खाना र दरवारिय जीवनशैलीको बातावरणमा पनि उनले आफ्नो आस्थामा बलियो भएर बसेकी थिईन्।

आफ्ना बैरीहरूले कसरी षडयन्त्र गरिरहेका छन् भन्ने खराब समाचार उनले दिनु परेको थियो। यो सजिलो काम थिएन। किनभने यदि षडयन्त्र प्रमाणित भएन भने एस्थर र उनको मामाले नचाहिने हल्ला फिँजायो भनेर दोषित हुन सकिन्थ्यो। अनि त्यसको नतिजा, कसलाई थाहा हुने होला?

तर उनका जनहरूलाई बचाउन परमेश्वरले एस्थरलाई प्रयोग गर्नुभयो। महारानी भएको हैशियतले यहूदीहरूको सुरक्षा गर्न आफ्नो अधिकार प्रयोग गर्न मोर्डेकाईले अनुरोध गरेको थियो। एस्थरले आफ्नै जीवन पनि जोखिममा राख्नुपरेको थियो। जब एस्थरले आनकानी गरिन्, त मामाले उनीमाथि बढि चाप थपिदिएः "के यस्तो बेलामा तिमीले केहि नगर्ने? राजालाई केहि नभन्ने। हो, यहूदीहरूलाई सहायता गर्न अन्तैबाट

मद्दत आउँछ, तर तिमी र तिम्रो परिवारको हत्या हुनेछन्। के होला भन त?" (एस्थर ४:१४ रूपान्तरित)। एस्थर कस्तो तनावमा परेकी होलान्, सोच्नुहोस्

अन्तमा आफ्नो जीवनलाई नै जोखिममा पारेर मर्यादा नाघेर उनी राजाको सामुन्नेमा खडा भइन्। तर जतिसुकै खतरापूर्ण अवस्थामा त्यस युवती परेपनि, हामीलाई थाहा छ आखिरमा यहूदीहरूको निम्ति सबै कुरा असलै हुनपग्यो।

एस्थर जस्तै हामी सबैजना यस्तो परिस्थितिमा हुर्कन वाध्य हुन्छौं जुन हाम्रो नियन्त्रण भन्दा बाहिरको छ। तपाईंको परिवारिक पृष्ठभूमी कस्तो छ? असल र खराब, तपाईंले परिवारबाट के सिक्नुभयो? तपाईंले पाउनुभएको वा सिक्नुभएको असल कुरालाई कसरी सऱ्हाना गर्ने र खराब कुरालाई कसरी पन्छाउने?

## ५. जुनसुकै परिस्थितिमा पनि संतुष्ठ हुने अठोट (२ कोरन्थी ११:२३-२८)

आधुनिक टर्की देशमा रहेको टार्सस भन्ने स्थानमा पावल जन्मेका थिए। उनी बेन्जामिन कूलका हिब्रू अर्थात् यहूदी परिवारमा जन्मेको थिए। उनका बाबु साम्राज्यको नागरिक थिए। त्यहि आधारमा पावलले पनि रोमी नागरिकता प्राप्त गरेका थिए। उनको अध्ययन तत्कालिन प्रख्यात धर्मगुरुहरूको पाठशालामा भएको थियो। उनी फरिसी पण्डित भए। फरिसीहरूले टोराह वा मोशाका प्रथम् पाँच धर्मशास्त्रहरूलाई अक्षरस पालन गर्न खोज्दछन् र त्यसको अलावा धेरै धार्मिक निति नियमहरू पनि छन् जसलाई पालन गर्न अत्यन्त प्रयास गर्दछन् (अहिले पनि यस्ता समूह छन्)। यहि पृष्ठभूमीले गर्दा पावलले समाजमा अत्यन्त ठूलो सामाजिक तथा धार्मिक प्रतिष्ठा जमाएका हुनसक्छन्। विद्वान पण्डित भएकोले सबैले उनलाई सत्कार र सम्मान गर्दथे।

तर जब पावलले येशूलाई ग्रहण गरे तब सबै कुरो उल्टोपाल्टो हुनपुग्यो। प्रखर फरिसी पण्डितबाट प्रखर येशूभक्त हुन पुगे। आफ्नै यहूदी जाती र पाश्चात्य रोमी राष्ट्रबाट उनी बहिष्कृत हुनपुगे। उनी

घृणाका पात्र भए। तिस वर्षसम्म अनेकन् कठोर यातना र दुःखकष्ट सहनुपर्‍यो। अन्तमा रोमको झ्यालखानामा केहि वर्ष परेपछि निरंकुश सम्राट नीरोको आदेशले उनको शीर छेडन गरियो।

येशूभक्त भएर पनि पावलले भोग्नु परेका केहि सङ्कष्टहरू २ कोरन्थी ११:२३-२८मा उल्लेख गरेका छन्। फिलिप्पी ४:११-१३लाई पनि समावेश गरेर पावलले सामना गर्नुपरेको दर्दनाक अनुभवहरूको शूची तयार गर्नुहोस्। अनेकौं यातनाको बाबजूद पनि आफ्नो जीवनको बारेमा पावलले के भनीरहेका छन्? हामीले गरिरहेका संघर्षलाई सामना गर्न पावलबाट हामी के सिक्नसक्छौं?

सन्तोषी सदासुखी भन्ने कथन मानसिक तथा सम्पूर्ण स्वस्थ जीवनको औषधी हो। सकारात्मक कुराहरूमा ध्यान लगाउँदा मानिसहरूमा सन्तुष्टि हुन्छ। सन्तुष्ट मानिसहरूले बिगतका अनुभवलाई ग्रहण गर्दछन् र भविष्यमा आशा राख्दै अघि बढ्दछन्, किनभने उनीहरूलाई थाहा छ विगतका कुराहरू दोहर्‍याएर सच्याउन सकिन्दैन तर त्यसबाट सिक्दै अघि बढ्न सकिन्छ। यो पनि सर्वविदितै छ, आफूले चाहेको सबै थोक भयो भन्दैमा मानिस सुखी र सन्तुष्ट हुनुपर्छ भन्ने छैन। किनभने कतिपयलाई जत्ति भएपनि पुग्दैन। अरूचाहिँ जति थोरै भएपनि सन्तुष्ट भएको पाउँछौं। मानिसलाई सन्तोषी सदासुखी पार्न के ले फरक पार्छ, सोच्नुहोस्?

समजदारी वा बुद्धिमानी हुनुको अर्को अर्थ लचिलो भएर जुनसुकै नयाँ परिस्थितिमा पनि भिज्न सक्षम् हुनु हो। यसको अर्थ नयाँ ठाउँमा रहनु, नयाँ मानिसहरूसँग संसर्ग गर्नु र नयाँ जीवनशैलीको अनुभव गर्नुहुनसक्छ। पावलले आफ्नो सक्षमता जन्मदेखि बोकेर आएका होइनन्। किनभने उनले भनेका छन्: “जुनसुकै अवस्थामा पनि सन्तुष्ट हुन मैले सिकेको छु।" फिलिप्पी ४:१२ रूपान्तरित)। यो गुण कसैमा हुने कसैमा नहुने होइन। अनुकूल वा प्रतिकूल परिस्थितिमा बाँच्नै र सन्तोषी हुने गुण सिकेर आउँदछन्। यो शिक्षा समय र व्यवहारबाट आर्जन हुन्छ।

आफ्नो आस्थामा दृढ रहेर लचिलो हुने मूल मन्त्र फिलिप्पी ४:१३मा पावलले हामीलाई दिएकाछन्। चाहे धेरै होस् वा चाहे थोरै होस्, प्रभु येशू ख्रीष्टमा उनले जे पनि गर्न र नगर्न सक्छ भन्ने प्रतिवद्धता पावलमा थियो।

तपाईं कत्तिको संतुष्ट हुनुभएको छ? तपाईंको वातावरणले तपाईंलाई कत्तिको प्रभाव पारेको छ? (कसैले भनेका थिए: "संतुष्टि वा सुखी वातावरणको प्रतिविम्व होइन तर मानसिक स्थिति हो।")। जे भएपनि सन्तुष्ट र खुशी हुने (फिलिप्पी ४:११) उपायहरू के के छन्?

## उपसंहार:

थप जानकारी: "जब मानिसमा अन्धकारका शक्तिहरू जम्मा हुन्छन् तब येशूको नजरबाट तिनी अलग भएको हुन्छ। यस्तो समयमा हामी केवल शोकित भएर पर्खन मात्र पर्दछ र ती बादलहरू हटोस् भनेर कामना गर्नुको बिकल्प अरू नहुनसक्छ। यस्ता परिस्थितिहरू कतिपय समयमा विषम् हुनसक्छन्। आशा निराशामा परिणत भएको पाउँछौं। हतोत्साहको चक्रव्युहमा हामी पर्दछौं। यस्तो आततायी परिस्थितिमा हामीले येशूले क्रुसमा गर्नुभएको कार्यमा मात्र भरोसा र विश्वास राख्नुपर्दछ। हामी जतिसुकै निरह र असक्षम् भएर आत्मग्लानीमा भएतापनि क्रुसमा टाँगिएको र पुनरुत्थान हुनुभएको मुक्तिदाताको सामु हामी पछारिनुपर्दछ। यदि हामी यो प्रक्रिया अपनायौं भने हामी कहिलै पनि असफल वा नाश हुनेछैनौं, अहँ कहिलै पनि। जब हाम्रो मार्गमा ज्योति चम्कन्छन्, अनि अनुग्रहको शक्तिले हामी बलियो हुने असाधारण होइन। तर अन्धकारको बादलले घेरेको समयमा हामी धैर्यसात पर्खन परमेश्वरमा आत्मसमर्पण गर्नुपर्छ र भरोसा तथा विश्वासमा अडिग हुनुपर्दछ। जब हामी येशूमा समर्पण हुन्छौं तब हामीहरूका चाहना तथा महत्वाकाँक्षाहरू परमेश्वरको इच्छामा निलेका हुन्छन्। केहि नराम्रो भयो की हामी तुरन्तै हतोत्साह हुन्छौं र हाम्रा कठिनाईहरू तुरन्तै हटोस भनी हामी चाहन्छौं। तर यसको सट्टामा हामीले धैर्यधारण गर्न अघि बढ्न र हाम्रा कठिनाईहरूलाई जित्दै जान परमेश्वरसँग बिन्ति

गर्नुपर्दछ।"-एलेन जी ह्वाइट, गडस् अमेजिङ्ग ग्रेस, पृष्ठ ११४बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. कतिपय मानिसहरू कठोर संघर्षलाई उछिनेका हुन्छन् भने कत्तिलाई त्यसलर् चक्नाचुर पारेको हुन्छ। यो किन हुन्छ होला? सोच्नुहोस्।

ख. फेरि कतिपय कष्ट, पिडा, दुःखको अन्त्य सधैं रमाइलो हुन्छ भन्ने नै छैन। त्यसको मूल्याङ्कन कसरी गर्ने? तिनीहरूलाई परमेश्वरका प्रतिज्ञा तथा आस्थासँग कसरी जोड्ने?

ग. "आततायी समयमा पनि हामीले..." भनेको एलेन जी ह्वाइटको कथनले हामीलाई के भन्छ? हाम्रो आशा कतातिर उनले औंल्याइरहेकी छिन्? अन्तमा हामीलाई यहाँ जे भएतपनि येशूको सुसमाचार मात्र हाम्रो आशा किन हुनुपर्दछ?

घ. १ पत्रुस ४:१२,१३मा उल्लेखित पत्रुसको सल्लाहलाई तपाईंले कसरी लिनुहुन्छ? दुःख कष्टमा लचिनो र निष्ठावान हुनु एउटा कुरो हो, तर पत्रुसले भनेको कुरा कसरी सम्वभ हुन्छ?

ङ. मानौ, तपाईं त्यस्तो व्यक्तिसँग कारोबार गर्दै हनुहुन्छ जो कठिन परिस्थितिमा गुज्रिरहेको छ र तपाईंले निकासाको बाटो देख्नुहुन्न। हुनसक्छ त्यसव्यक्तिसँग समय बिताउन केवल पाँच मिनेटमात्र तपाईंसँग छ। यस क्षणिक समयमा त्यस व्यक्तिलाई तपाईंले कस्तो आशा प्रदान गर्न सक्नुहुन्छ?